# गढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### समनपुर, रौतहट
### प्रदेश नं.२, नेपाल

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्न दरखास्त आव्हन सम्बन्धी सूचना !**

**(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/१६)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७७/०७८ च.नं. २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस गढीमाई नगरकार्यपालिकाको कार्यालयमा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिदसहित यस कार्यालयमा रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभव :**

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लगत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको,

(ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान :** गढीमाई नगर कार्यपालिकाको कार्यालय समनपुर, रौतहट

**३. दरखास्त दिनु पर्ने अन्तिम मिति :**-२०७७।०४।३० गतेसम्म तथा अन्तिम दिनमा विदा परेमा सोको भोलिपल्टसम्म

**४.आवेदनको दस्तुर :-** रु. १,०००।-

**५.छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६.आवेदनसाथ संलग्न कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता प्रमाणपत्र
- न्यूनतम योग्यताको लब्धाँक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७.सेवा सुविधा :-** नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८.पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :-** नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

..............................

नि.प्रमुख प्रशासकीय अधिकृत